# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन १ गते २०२५ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

यस मन्त्रालय अन्तर्गतको केन्द्रिय सेवा विभागको निर्देशक पदमा से. अ. हरिप्रसाद शर्मा कायम मुकायम हुनु भई खाली हुन आएको उक्त से. अ. पदमा वहां आफ्नो पदमा नफ-कुर्न्जेलसम्मको लागि निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०२५।४।१० देखि सोही विभागका ना. सु. श्री हरिकृष्ण च्वामु श्रेष्ठलाई कायम मुकायम मुकरर गरेको छ।

उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

यस मन्त्रालय अन्तर्गत केन्द्रीय सेवा विभागका निर्देशक श्री शुभशम्शेर राणा केन्द्रीय सेवा सम्बन्धी कार्यविधि अध्ययन गर्न मिति ०२५।४।१० मा संयुक्तराज्य अमे-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

252

रीका जानु भएकोले वहाँ फर्कीनआउन्जेल सम्मका लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले सोही मितिदेखि सोही विभागका से. अ. हरिप्रसाद शर्मालाई कायम मुकायम मुकरर गरेको छ ।

उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

यस मन्त्रालय अन्तर्गत झापा जिल्लाका प्र. जि. अ. श्री मधुसुदनप्रसाद गोर्खाली घर बिदामा बस्नु भएकोले वहाँ फर्कीहाजिर हुन नआउन्जेलसम्मका लागि निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०२५।४।११ देखि सोही जि. पं. कार्यालयको पं. वि. अ. गोबिन्दमान रघुबंशीलाई सो पदमा कायम मुकायम मुकरर गरेको छ ।

सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

विशेष प्रहरी विभागको रिक्त सरकारी अभियोक्ता पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०२५।३।१९ देखि यस मन्त्रालयको ना. सु. श्री हरिप्रसाद उपाध्यायलाई बढीमा ६ महीनाको लागि कायम मुकायम मुकरर गरिएको छ ।

उपरथी छेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२५६